मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १ गते शनिबार ❑ 18 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय अवलोकन गर्ने पर्यटक बढ्दै

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

पोखरास्थित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा स्वदेशी एवम् विदेशी पर्यटकको सङ्ख्या बढ्दै गएको छ।

दसैंको पूर्णिमापछि विस्तारै पर्यटकको आकर्षण बढ्दै गएको सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपानेले जानकारी दिनुभयो । बिहीबार मात्रै एक हजारभन्दा बढीले सङ्ग्रहालयको अवलोकन गरेको उहाँले बताउनुभयो।

पर्वतीय पर्यटनका विविध पक्ष अवलोकन गर्नका लागि सङ्ग्रहालय बनाइएको छ । हिमाली जीवनसँगै पर्वतीय पर्यटनका विविध पक्षलाई सङ्ग्रहालयमा नियाल्न पाइने भएकाले आकर्षक गन्तव्यका



रूपमा विकास हुन थालेको छ। यहाँबाट हिमाली क्षेत्रमा बसोबास गर्ने जातजातिको रीतिरिवाज, वेषभूषा, कला, संस्कृतिका साथै भौगोलिक अवस्थालगायत विषयमा जानकारी लिन पाउँछन् । सङ्ग्रहालयमा विश्वका आठ हजार मिटरभन्दा बढी उचाइ भएका १४ वटा हिमाल, सात हजार पाँच सयदेखि सात हजार ९९९ मिटर उचाइसम्मका ४०, छ हजारदेखि छ हजार ९९९ मिटरसम्मका ६०३ सहित कूल एक हजार ९१३ वटा हिमचुचुरा र त्यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाका वेषभूषा, संस्कृति, उपयोग गर्दै आएका विभिन्न सामग्री सङ्ग्रह गरी प्रदर्शनका लागि राखिएका छन् । सङ्ग्रहालयमा आउने पर्यटकमध्ये विद्यार्थीका लागि रु ८०, नेपाली नागरिकका लागि १५०, सार्क राष्ट्रका पर्यटकका लागि ३५० र अन्य विदेशी पर्यटकका लागि ७५० प्रवेश शुल्क निर्धारण गरिएको निर्देशक न्यौपानेले जानकारी दिनुभयो।

## पोखरा विश्वविद्यालयबाट पहिलोपटक एआइ विषयमा स्तानक कार्यक्रम सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

पोखरा विश्वविद्यालयले पहिलोपटक आङ्गिक क्याम्पसबाट कृत्रिम बौद्धिकता र तथ्याङ्क विज्ञान विषयमा स्तानक तहको कार्यक्रम (बिएआइडिएस) सुरु गरेको छ।

सो विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा काठमाडौं उपत्यकामा सञ्चालित ललितपुरको च्यासलस्थित श्रमिक शान्ति क्याम्पसले यस शैक्षिक सत्रबाट उक्त विषयमा भर्ना खोलेको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

विश्वविद्यालयका विज्ञान तथा प्रविधि सङ्कायका डीन सह प्रा बुद्धिराज जोशीले बजारको आवश्यकता र समयको मागलाई सम्बोधन गर्दै एआई विषयमा अध्यापन गराउने निर्णय भएको जानकारी दिनुभयो । विश्वविद्यालयको अन्तरराष्ट्रिय सम्बन्धन केन्द्रका कार्यकारी निर्देशक सह प्रा डा दीपाञ्जल श्रेष्ठले एआईका क्षेत्रमा बजारमा आवश्यकभन्दा न्यून जनशक्ति रहेको अवस्थामा विश्वविद्यालयले आङ्गिक क्याम्पसबाट यो कार्यक्रम सुरु गरेको बताउनुभयो । विगतमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको श्रमिक शान्ति कलेजको शैक्षिक व्यवस्थापन अबदेखि पोखरा विश्वविद्यालयले गर्ने भएको हो। कलेजले कम्प्युटर विज्ञान र सूचना प्रविधि विषयमा स्नातक (बिसिएसआइटी) र मानविकी सङ्कायमा कानुनको स्नातक (बिएआइएलबी) पनि सुरु गरेको छ। यी कार्यक्रममा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जिसस कास्कीको पालिकासँग लागत साझेदारी सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

जिल्ला समन्वय समिति कास्कीले कास्कीका चारवटा पालिकासँग लागत साझेदारी सम्झौता गरेको छ।

जिससको 'मौजुदा कोषको सञ्चालन निर्देशिका २०७५' बमोजिमको कार्यक्रम छनोट गरि पेस गरिएका योजना प्रस्तावमा सम्झौता गरिएको हो । जसका लागि गत साउन २५ गतेको जिसस बैठक तथा भदौ ६ गतेको आठौं जिल्ला सभाले रकम उपलब्ध गराउने निर्णय गरेका थिए । सम्झौता बमोजिम जिसस कास्कीले पोखरा महानगरपालिकालाई २ करोड, मादी, माछापुच्छे, अन्नपूर्ण र रूपा गाउँपालिकालाई एकएक करोडका दरले रकम उपलब्ध गराउने छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सम्झौतामा उल्लेख गरिएका कामहरू गुणस्तरीय सामानको प्रयोगसँगै समयमै सम्पन्न गर्न आग्रह गर्नुभयो । कुल रकमको ७० प्रतिशत सम्झौतापश्चात र बाँकी ३० प्रतिशत कार्यक्रम सम्पन्न भएपछि उपलब्ध गराइने उहाँले बताउनुभयो । कार्यतालिका बमोजिमको प्रगति



नभएको अवस्थामा बाँकी रकम उपलब्ध नगराइने उहाँले उल्लेख गर्नुभयो । सम्झौताअनुसारको काम पालिकाले जेठ १५ गतेभित्र पुरा गरिसक्नुपर्ने प्रमुख पौडेलले स्पष्ट पार्नुभयो।

सम्झौताअनुसार कास्कीको मादी गाउँपालिकामा नागरिक आरोग्य केन्द्र सिक्लेस भवन मर्मत सम्भारका लागि ३० लाख र सैमराङ स्वास्थ्य चौकी भवन निर्माण योजनाका लागि ३० लाख उपलब्ध गराउने छ। बाँकी ४० लाखको सम्झौता हुन बाँकी रहेको छ। मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङले सम्झौता बमोजिमको काम समयमै सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभएको छ । बाँकी योजनाका लागि पालिकामा छलफल भइरहेको र छिट्टै सम्झौताका लागि जिससमा पेस गर्ने अध्यक्ष गुरुङले बताउनुभयो । सम्झौतामार्फत प्राप्त हुने रकमबाट रूपा गाउँपालिकाले प्रशासकीय भवन निर्माण गर्ने भएको छ। जसका लागि गाउँपालिकाले काम समेत सुरु गरिसकेको छ। अन्नपूर्ण गाउँपालिकाले भने वडा नं. १ को कार्यालय र स्वास्थ्य चौकीको घेराबार एवं गेट निर्माण, दुर्गा भवानी आधारभूत विद्यालयको भवन निर्माण, गाउँपालिकाको प्रशासकीय भवन निर्माण, वडा नं. ३ कार्यालयको भवन मर्मत सम्भार एवं ट्रस निर्माण, बहादुरे माविमा चमेनागृह निर्माण, नयाँपुलमा खोप केन्द्र निर्माण, सङ्गम माविको मर्मत, वडा नं. ७ को कार्यालय भवन निर्माण, मोदी आधारभूत विद्यालय मर्मत योजना, वडा नं. ९ कार्यालयमा रेलिङ एवं स्वास्थ्य चौकी मर्मत, जनसेवा आधार भूत विद्यालयको भवन निर्माण, माछापुच्छे बेसक्याम्प स्वास्थ्य केन्द्र निर्माण र वडा नं. ११ को भवन ट्रस निर्माण गर्नको लागि सो रकम खर्च गरिनेगरी सम्झौता भएको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिए।

माछापुच्छे गाउँपालिकाले काउरेबेसी सिँचाइ कुलो मर्मत तथा स्तरोन्नति, माछापुच्छे मावि भवन निर्माण तथा मर्मत, मेघराज आधारभूत विद्यालयमा मिटिङ हल निर्माण, शुक्लागण्डकी मावि मिटिङ हल निर्माण, लाहाचोक स्वास्थ्यचौकी एवं वडा नं. ४ कार्यालय मर्मत तथा स्तरोन्नति, निष्पक्ष मावि सभाहल निर्माण, वडा नं. ६ को कार्यालय मर्मत सम्भार तथा कम्पाउण्ड निर्माण, बराह माविमा स्टेज निर्माण तथा कैलास आविमा पर्खाल निर्माण, धम्पुस हेल्थपोष्ट स्तरोन्नति, पात्लाकुनी धम्पुस खानेपानी योजना, तारेबराह आधारभूत विद्यालय रंगरोगन तथा तला थप कार्य र सेतिघट्ट स्वास्थ्य चौकी भवन सम्पन्न गर्नेगरी सम्झौता गरेको छ। सम्झौताबमोजिमको कार्यप्रगतिको जिल्ला समन्वय समितिले अनुगमन गर्ने समन्वय अधिकारी बरालले उल्लेख गर्नुभयो।

## सरकारको एकमात्र उद्देश्य छ महिनाभित्र निर्वाचन सम्पन्न गर्नु हो: प्रधानमन्त्री कार्की

रासस
काठमाडौं, ३१ असोज

प्रधानमन्त्री सुशीला कार्कीले छ महिनाभित्र निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

परराष्ट्र मन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएकी प्रधानमन्त्री कार्कीले शुक्रबार परराष्ट्र मन्त्रालयमा नेपालस्थित कूटनीतिक निकायका प्रतिनिधिसँगको 'ब्रिफिङ'मा वर्तमान सरकारको एकमात्र उद्देश्य आगामी फागुन २१ गते स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नुरहेको बताउनुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभयो, "सरकारसहित राज्यका सम्पूर्ण संयन्त्रहरू विश्वसनीय निर्वाचनका लागि आवश्यक सुरक्षा, कानुनी संरचना र व्यवस्थापन सुनिश्चित गर्न केन्द्रित छन्। हामी निर्वाचन आयोगलाई सशक्त पार्दैछौं, सुरक्षालाई सुधार गर्दैछौं र सबै राजनीतिक दल तथा सरोकारवाला, 'जेनजी' प्रतिनिधिहरूसहित, संवाद गरिरहेका छौं।"
उहाँले सरकारको प्राथमिकता आन्तरिक स्थायित्व र लोकतान्त्रिक प्रक्रियाका लागि विश्वसनीय र सुरक्षित वातावरण सुनिश्चित गर्नेतर्फ केन्द्रित रहेको स्पष्ट गर्नुभयो। "बहुदलीय लोकतन्त्र हाम्रो राजनीतिक प्रणालीको आधारशिला हो, लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता नै हाम्रो एकमात्र सही बाटो हो", उहाँले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले विदेशमा अस्थायी रूपमा बसोबास गरिरहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न क्रमशः बाह्य मतदान प्रणाली सम्भावनाको पनि अध्ययन भइरहेको जानकारी गराउनुभयो। अघिल्ला निर्वाचनमा जस्तै अन्तरराष्ट्रियस्तरको अवलोकनले यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उहाँले यस यात्रामा नेपालस्थित कूटनीतिक निकायको निरन्तर सद्भावना र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो। उहाँले आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी चौकीमध्ये धेरै ठाउँमा स्थानीय आफैँले मर्मत गर्न थालिसकेको तथा हराएका वा चोरी भएका हतियार तथा उपकरण पुनःप्राप्त गर्न पनि तदारुकतासाथ काम भइरहेको जानकारी दिनुभयो।

प्रधानमन्त्री कार्कीले 'जेनजी' आन्दोलनले सबैलाई सुन्ने, प्रतिक्रिया दिने, सुधार गर्ने र परिणाम दिने सामूहिक जिम्मेवारीको गहिरो ढङ्गबाट बोध गराएको उल्लेख गर्दै यसले सुशासन, आर्थिक अवसर र सार्वजनिक जीवनमा इमानदारीका लागि जनताको आकाङ्क्षालाई झल्काउने बताउनुभयो । यस आन्दोलनले सबैलाई ढिलो नगरी जनअपेक्षाअनुसार परिणाम दिन प्रेरित गरेको उहाँको भनाइ थियो । वर्तमान सरकार गठन भएको करिब एक महिनाको यसअवधिमा राज्यसंयन्त्रभित्रका भ्रष्टाचार, कुशासन र चुनौती मात्र होइन, सुधारको विशाल सम्भावनासमेत पत्ता लगाएको उल्लेख गर्दै उहाँले यो नै विश्वास पुनःस्थापना गर्ने, संस्थाहरू सुदृढ पार्ने र शासन व्यवस्थालाई पारदर्शिता र सेवामुखी दिशातर्फ डोऱ्याउने उपयुक्त क्षण भएको स्पष्ट पार्नुभयो । यो आन्दोलन पारदर्शिता र जवाफदेहिताको मागमा आधारित रहेको उहाँको भनाइ थियो । "म व्यक्तिगत रूपमा 'जेनेरेसन-जेड' बाट निकै ठूलो आशा राख्छु, जसको ऊर्जा र राजनीतिक सचेतनाले हाम्रो राजनीतिक परिवेशमा नयाँ युगको सुरुआत गराएको छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "म उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सकारात्मक रूपमा सहभागी हुन आह्वान गर्दछु, किनकी नेपालको भविष्य साँच्चिकै उनीहरूमै निहित छ।" उहाँले राजनीतिक दलहरूले पनि यस नयाँ पुस्तासँग सकारात्मक र रचनात्मक रूपमा सहकार्य गर्ने अपेक्षा गर्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फोहोरमैला व्यवस्थापनबाटै २७ लाख आम्दानी

पोखरापत्र संवाददाता
स्याङ्जा, ३१ असोज

स्याङ्जाको वालिङ नगरपालिकाले फोहोरमैला व्यवस्थापनबाट झण्डै २७ लाख आम्दानी गर्न सफल भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले फोहोरमैला व्यवस्थापन शुल्क र बिक्री शुल्क वापत उक्त रकम आम्दानी गर्न सफल हो ।

नगरपालिकाले नगर क्षेत्रका झण्डै ३ हजार घरपरिवारबाट दैनिक फोहोरमैला संकलन हुँदै आएको छ । कुहिने र नकुहिने दुई थरीका फोहोर उठाउने नगरपालिकाले फोहोर व्यवस्थापन शुल्क वापतमात्रै २५ लाख उठाउने गरेको छ भने संकलित फोहोरमैला बिक्री शुल्क वापत करिब दुई लाख गरी झण्डै २७ लाख रुपैयाँ आम्दानी गरेको छ ।

फोहोरमैला संकलन गरेवापत खाद्यान्न, होटल तथा रेष्टुरेष्ट, तरकारी तथा फलफूल, फेन्सी, कपडा, औषधी पसल, बैंक तथा वित्तीय संस्थाबाट शुल्क पठाउने गरिएको छ । राजश्व परामर्श समितिले निर्धारण गरेकै मासिक शुल्क उठाउँदा झण्डै २५ लाख रुपैयाँ संकलन हुने गरेको नगरपालिकाका वातावरण तथा



सरसफाई शाखा प्रमुख मणि रेग्मीले बताए । बजारबाट कुहिने ५ टन र नकुहिने ५ टन गरी दैनिक संकलित १० टन फोहोरलाई बर्गिकरण गरेर बिक्री वितरण गरिन्छ । बर्गिकृत फोहोरमध्ये कुहिनेमध्ये घाँसपात, कागज, तरकारी, फलफूलका बोक्रा, भान्साबाट निस्कने अन्य फोहोरलाई मलमा रुपान्तरण गरिन्छ । कुहिने फोहोरलाई गड्यौलालाई खुवाएर मलमा परिणत गरिने गरेको नगरपालिकाले जनाएको छ । नकुहिने फोहोरमध्ये प्लाष्टिक, कपडा, टिना-फलाम, कार्टुनलाई तौलका आधारमा कवाडीलाई बिक्री गरिदै आएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले फोहोरमैला व्यवस्थापन शुल्कबाटै झण्डै ३० लाख आम्दानी गर्ने लक्ष्य लिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले एन्फो नामक परियोजनासँगको सहकार्यमा दिसाजन्य लेदो (सल्ज टिटमेन्ट प्लान्ट) समेत व्यवस्थापन गर्दै आएको छ । दिसाजन्य लेदोलाई प्लान्टबाट पानी र ठोस वस्तु छुट्ट्याएर पानी सुकाउने र ठोस वस्तुलाई मल बनाउने गरेको छ । सेवाग्राहीको सेफ्टी ट्यांकीको दिसाजन्य लेदो पदार्थ नगरपालिकाले प्रतिट्यांकी ६ हजार ५ सयमै व्यवस्थापन गर्दै आएको छ । फोहोर व्यवस्थापनमा उदाहरण बन्दै गएको स्मार्टसिटी अवधारणाको नगरपालिकाले कुहिनेको तुलनामा नकुहिने फोहोर व्यवस्थापनमा बढि समस्या देखिएको जनाएको छ । मुल्यवान सिसा, फलाम र कार्टुन सेवाग्रहीले घरबाटै बिक्री गर्ने र कमशल खालको फोहोर दिने भएकाले बर्गिकृत फोहोर बिक्री वितरणमा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुबेदीले बताए । कुहिने फोहोरमैला सजिलै मलमा रुपान्तरण हुने गरेको उनले सुनाए । नगरपालिकामा विशेष गरी बजार क्षेत्रका वडामा गठन गरिएको सरसफाइ उपसमितिले आ-आफ्ना टोलमा कुहिने र नकुहिने फोहोर बर्गिकरण गर्दै आएका छन् ।

फोहोरमैलाका क्षेत्रमा देशका अन्य पालिकाहरुले निजी क्षेत्रसँगको साझेदारीमा काम गर्दै आइरहेको समयमा वालिङले आफ्नै अगुवाईमा फोहोरमैलाको व्यवस्थापन गर्दै आएको छ । नगरपालिकाले फोहोर बर्गिकरणका लागि बनाएको सरसफाइ केन्द्र पछिल्लो समय शैक्षिक थलोका रूपमा विकसित हुँदै गएको नगर प्रमुख कृष्ण खाँणले बताए । फोहोरमैलाका क्षेत्रमा गरेका कार्यबारे जान्न र बुझ्न देशका विभिन्न स्थानबाट आउने गरेका छन् ।

सरसफाइ केन्द्र स्रोतको उपयोगिता, आयआर्जनको स्रोत र एकीकृत व्यवस्थापनका दृष्टिले देशकै नमूना केन्द्र बन्दै जाँदा शैक्षिक थलो बनेको प्रमुख खाँणले दाबी गरे ।



फुटबल सिक्दै किशोर किशोरी :
कास्कीको पोखरास्थित पोखरा रङ्गशालामा फुटबल सिक्दै गरेका किशोरकिशोरी र पृष्ठभूमिमा देखिएको माछापुच्छ्रे हिमाल । तस्बिर : राम थापा/रासस

# तिलकको सम्झनाले विद्यालय उज्यालियो

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

स्मृतिले कहिलेकाहीँ आँसु ल्याउँछ, कहिलेकाहीँ कर्मको उज्यालो । आज भद्रकाली माविमा त्यही उज्यालो झल्किएको थियो । स्वर्गीय तिलक वहादुर गुरुङको स्मृतिमा आयोजित शैक्षिक सामग्री वितरण कार्यक्रममा । कक्षा ८,९ र १० अध्ययनरत विद्यार्थीहरु हातमा कापि परेपछि खुशीले अनुहारमा देखिएको चमकले उज्यालो झल्किएको हो । सङ्घर्ष र समर्पणका क्षणहरू फेरि सम्झना दिलाउने दिन थियो त्यो । विद्यालयको प्राङ्गणमा आज पनि ती हाँसिरहेका अनुहार, साना हातहरूमा कलम र प्रतिलिपी समात्ने खुशीका झिल्काहरूले वातावरण उज्यालो बनाइरहेको थियो ।



शिक्षा नै जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने आदर्श बोकेका दिवंगत भद्रकाली मावि व्यवस्थापन समितिका पूर्व अध्यक्ष तिलकवहादुर गुरुङको स्मृतिमा गरिएको शैक्षिक सामग्री वितरण कार्यक्रम केवल सहयोग नभई भावनाको पुनर्जागरण पनि हो । उहाँ विस २००८ सालमा स्थापति भद्रकाली मावि शिक्षक अभिभावक संघको अध्यक्ष हुँदै सोही विद्यालयको व्यवस्थापन समितिका अध्यक्षको सफल कार्यकाल सम्पन्न गर्नु भयो । उहाँले गुणस्तर पढाईलाई मुख्य मेरुदण्ड मानेर गर्नुभएको सेवालाई कहिलै भुल्न सकिदैन् । उहाँको सहयोगी मनलाई विद्यालयमा हालै भएको कार्यक्रमले फेरि देखायो कि स्मृति केवल सम्झना होइन, कर्मको निरन्तरता पनि हो । गुरुङ जस्ता शिक्षासेवीहरूले बोकेको दृष्टिकोण आज पनि विद्यार्थीहरूमा 'पढौँ, बढौँ र समाज बदलौँ' भन्ने चेतना जगाइरहेको छ । स्वर्गीय गुरुङको स्मृतिमा हालै पोखरा-१३ स्थित भद्रकाली माविमा शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न भयो । विस. २०११ साल वैशाख ७ गते जन्मनु भएको गुरुङको २०८२ असोज ९ गते स्वर्गारोहण भएको थियो । गरुङको स्मृतिमा घरपरिवारको सहयोगले चेतनाको लागि सहयोगी हात भन्ने संस्थावाट भद्रकाली माविमा दुई सय ५० जना विद्यार्थी र विजय आधारभूत विद्यालयमा ५० जना विद्यालर्थीहरुलाई कापि वितरण गरिएको छोरा विशाल गुरुङले पोखरापत्रलाई वताए । छोरा विशालले बाबा तिलकको स्मृतिमा केही विद्यार्थीहरुलाई भविष्यमा छात्रवृत्ति प्रदान गरिने योजना रहेको पोखरापत्रलाई वताए ।

भद्रकाली माविका व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ माइलालले यस्ता कार्यक्रम एउटा सामग्री वितरण मात्र होइन, एउटा चेतना प्रसारण भएको पोखरापत्रलाई वताए । अध्यक्ष गुरुङले भने, "मृत्युले जीवन अन्त्य गर्न सक्छ, तर स्मृतिले सदाशयताको यात्रा निरन्तर राख्छ।" विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीका अनुसार सामग्री पाएपछि विद्यार्थीहरूको अनुहारमा झल्किएको उत्साहले विद्यालय वातावरण नै बदलिएको छ ।

# लायन्स क्लब पोखरा गुडविलद्वारा वात्स्यायन बृद्धाश्रममा निःशुल्क स्वास्थ्य शिविर तथा फलफूल वितरण

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

पोखरा महानगरपालिका वडा नं १४ बाच्छीवुडुवा स्थित वात्स्यायन वृद्धाश्रममा लायन्स क्लब पोखरा गुडविलले निःशुल्क स्वास्थ्य शिविर तथा फलफूल वितरण गरेको छ ।

विहबार आयोजित कार्यक्रममा प्रमुख अतिथि निवर्तमान डिस्ट्रीक गभर्नर विनोद ढुंगाना, बिशिष्ट अतिथि राम वसेल तथा संस्थाका पूर्व अध्यक्ष ,प्रथम उपाध्यक्ष लगाएतको उपस्थिति रहेको थियो । कार्यक्रम बिहान ७ बजेदेखि सुरु भई दिउँसो ४ बजेसम्म सञ्चालन भएको थियो । वृद्धाश्रममा आश्रित २१ जनाजेष्ठ नागरिकहरूलाई स्वास्थ्य परीक्षण गरिएको हो। मणिपाल शिक्षण अस्पतालका वरिष्ठ फिजिसियन कन्सलटेन्ट डा.अनमोल पौडेलबाट निःशुल्क परामर्श समेत गरिएको हो । रगत परिक्षणबाट देखा परेका समस्यापूर्तिमा सहज हुनका लागि क्लबले वृद्धाश्रममा आश्रित २१ जनाजेष्ठ नागरिकहरूलाई निःशुल्क औषधि, स्वास्थ्य सामग्री तथा फलफूल वितरण गरेको हो । शिविरको नेतृत्व समेत गर्नुभएका क्लब अध्यक्ष राजेन्द्र शर्माले समाजमा यो किसिमको काम गर्दा मन पनि आन्नदित हुने बताए । लायन्स क्लबले घरपरिवार विहिन् वृद्धाहरुलाई यसरी सहयोग गर्दा नयाँ कामको पनि थालनी भएको अब यसले समाजमा सकरात्मक सन्देश प्रवाह हुने उनले जनाए । वृद्धा वुवा आमाले टोलीलाई आर्शिरबाद समेत दिए । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष विपिन सुवेदी, क्लबका सचिव अनन्त राम अर्यालले लगायतले क्लवले यस्तै सामाजिक कार्य गर्नेमा जोड दिए ।

# एमाले केन्द्रीय कमिटी बैठकद्वारा पोखरामा ११ औँ महाधिवेशन तय

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

नेकपा (एमाले) को ११ औँ राष्ट्रिय महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म पोखरामा हुने तय भएको छ ।

ललितपुरकोभनीमण्डलस्थित रामबाघ महलमा सम्पन्न एमालेको दसौँ केन्द्रीय कमिटीको बैठकले अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत महाधिवेशन आयोजनाको प्रस्ताव सर्वसम्मतिले पारित भएको हो ।

एमालेका केन्द्रीय प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार बैठकको तेस्रो तथा अन्तिम दिन आज अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदनमाथि उठेका सवालमा पार्टीका एकमुष्ट जवाफ दिनुभएको थियो ।

बैठकले संसद् पुनःस्थापना र जनपरिचाललगायतका निर्णयहरू गरेको छ । बैठकले देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेकाले संविधान र लोकतन्त्रका पक्षधर राजनीति दलहरू र आम नागरिकलाई आह्वान गरेको छ ।

जेनजी आन्दोलन, नयाँ सरकार गठन र प्रतिनिधिसभा विघटनपछि पहिलो पटक एमालेको केन्द्रीय कमिटीको बैठक आयोजना भएको हो ।

# कात्तिक ६ गते बिहान ११:३९ बजे भाइटीकाको शुभ साइत

रासस
काठमाडौं, ३१ असोज

अन्तरराष्ट्रिय पञ्चाङ्ग निर्णयक समितिले २०८२ साल तिहार (शुभ दीपावली) का लागि विभिन्न देशहरूमा भाइटीकाको शुभ साइत सार्वजनिक गरेको छ ।

समितिका सभापति प्रा डा माधव भट्टराई र सदस्यसचिव आचार्य लक्ष्मण पन्थीद्वारा जारी विज्ञप्तिअनुसार काठमाडौँमा भाइटीकाको शुभ साइत कात्तिक ६ गते बिहान ११:३९ बजे रहेको जनाइएको छ ।

भारत, अमेरिका, युरोप, अष्ट्रेलिया, जापान, कोरिया, मलेसिया, युएई, कतारलगायत देशमा स्थानीय समयअनुसार ११:०० देखि १२:०० बजेसम्म टीका लगाउने शुभ समय निर्धारण गरिएको सभापति भट्टराईले जानकारी दिनुभयो ।

समितिले उक्त साइतलाई सबैभन्दा उपयुक्त समय मानेर सो समयमा टीका लगाउन सिफारिस गर्दै आफ्नो स्थानअनुसार अनुकूल समयमा पनि टीका लगाउन सकिने सदस्यसचिव पन्थीले बताउनुमयो ।

# नेपाललाई विश्वकप छनोटको उपाधि

रासस
काठमाडौं, ३१ असोज

नेपालले सामोआलाई हराउँदै आइसिसी पुरुष टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको उपाधि जितेको छ । छनोट खेलमा नेपाल अपराजित रह्यो ।

ओमानको अल अमिरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ-१ मा शुक्रबार भएको अन्तिम खेलमा सामोआलाई १२४ रनले हराउँदै नेपाल प्रतियोगिताको च्याम्पियन बन्न सफल भएको हो । नेपालले जितको लागि दिएको २१२ रनको विशाल लक्ष्य पछ्याएको सामोआ निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८७ रनमा समेटियो । उसका लागि सिन सोलियाले सर्वाधिक ४० रन बनाए । नेपालका लागि ललित राजवंशीले तीन विकेट लिए भने करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर दुई सय ११ रनको योगफल बनाएको थियो । नेपालको लागि आसिफ शेखले सर्वाधिक ६९ रनको योगदान दिए । उनले ४१ बलमा सात चौका र चार छक्का प्रहार गर्दै ६९ रनको योगदान दिएका हुन् । त्यसैगरी नेपालका अर्का खेलाडी दीपेन्द्रसिंह ऐरीले ५३ रन बनाए । उनले ३३ बलमा दुई चौका र चार छक्काको मद्दतमा ५३ रन जोडेका हुन् । लोकेश बमले ३९ रन जोड्दा कप्तान रोहित पौडेलले अविजित २१ रन बनाए । कुशल भुर्तेलले १७ रन जोडेर आउट भए । यता सामाओका लागि ड्यानियल बर्गेस, सौमानी टाई, ड्यारियस भिसर, नुह मिडले समान एक-एक विकेट लिए । यसअघि नेपालले समूह चरणमा कुवेत र जापानलाई हराएको थियो । त्यसैगरी नेपालले सुपर सिक्सको पहिलो खेलमै युएईमाथि एक रनको रोमाञ्चक जित निकालेको थियोभने दोस्रो खेलमा कतारविरुद्ध पाँच रनको जित निकालेको थियो । तेस्रो खेलमा नेपालले ओमानलाई ३८ रनले हराएको थियो । यस छनोट प्रतियोगिताबाट नेपाल, युएई र ओमानले आगामी वर्ष भारत र श्रीलङ्कामा संयुक्त रूपमा हुने टी-२० विश्वकपको टिकट काटिसकेका छन् । विश्वकप आगामी माग २७ देखि फागुन २४ गतेसम्म हुँदैछ ।

# पोखरा ...

प्रतिकोर्स रु चार लाख ३० हजारदेखि रु चार लाख ९२ हजारसम्म शुल्क निर्धारण गरिएको र २० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिमा पढाइने विश्वविद्यालयका मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन डा सुरेन्द्र तिवारीले बताउनुभयो । विश्वविद्यालयका उपप्रशाक सानु घलेका अनुसार विश्वविद्यालयमा पाँच आङ्गिक क्याम्पस, तीन संयुक्त आङ्गिक क्याम्पस र ५८ सम्बन्धन प्राप्त क्याम्पसमा गरी करिब ४० हजार विद्यार्थी रहेका छन् ।

रक्तदान जीवनदान
जीवनदान महादान




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# एक हजार छ सय रोपनीमा 'बृहत् बैरेनी जग्गा एकीकरण'

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ असोज

व्यास नगरपालिकाले वडा नं १० स्थित बैरेनीमा बृहत् 'बैरेनी जग्गा एकीकरण आयोजना' सञ्चालन गरेको छ।

दमौली बजार क्षेत्रमा अव्यवस्थित बसोबास बढ्दै गएपछि व्यवस्थित बस्ती विकास गर्ने योजनाअनुरुप आयोजना सञ्चालन गर्न लागिएको हो। नेपाल सरकारबाट अध्ययन अवलोकनका लागि प्रक्रिया अघि बढाइसकेको आयोजना प्रमुख इञ्जिनियर रवीन्द्र मुलले बताउनुभयो।

उहाँले भन्नुभयो, "बाटो र पूर्वाधार भएकाहरुको हकमा ६ प्रतिशत र नभएकाहरुको हकमा ३० प्रतिशत कट्टा गरी जग्गाधनीलाई जग्गा फिर्ता गरिने छ, जग्गा घटे पनि जग्गाधनीले तीनगुणा बढी मुनाफा पाउने छन् ।" नगरपालिकाले सोही वडास्थित बैरेनीमा २६२ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती विस्तारका काम भइरहेको जनाएको छ।

उक्त आयोजनाको निर्माण तीव्र गतिमा भइरहेको अवस्थामा पुनःअर्को 'बृहत् बैरेनी जग्गा एकीकरण' आयोजनाको परिकल्पनागरिएकोनगरपालिकाले जनाएको छ । विसं २०८२ महिनाभित्र जग्गाधनीलाई स्थायी जग्गाधनी विकसित घडेरीको पुर्जा वितरण गर्ने लक्ष्यका साथ निर्माण अघि बढाइएको इञ्जिनियर मुलले बताउनुभयो। विसं २०७९ मङ्सिर १४ गते सम्झौता गरी २०८५ सालसम्म ऋण सम्झौता रहेकामा तीन वर्षअगावै सम्पन्न गर्ने लक्ष्य राखिएको छ। उहाँले भन्नुभयो, "जमिनमुनिको कठिनाइ कार्य सकियो, अबको छ महिनाभित्र घडेरी छुट्याउने कार्य सम्पन्न गरिनेछ ।" उहाँका अनुसार अब नाला निर्माण, कालोपत्र, विद्युत् खम्बा, खानेपानी जडान, पार्क, खेल मैदान र दुई वटा विद्युत् ट्रान्समिटर जडान गर्नुपर्ने छ, ट्रान्समिटर जडानका लागि विद्युत प्राधिकरणसँग समन्वय गरिएको छ । कूल रु १३ करोडमध्ये कोषले रु नौ करोड १० लाख ५० हजार ४०० र नगरपालिका तथा गण्डकी प्रदेशको रु चार करोड लगानी रहेको छ। नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको रहेको छ भने वार्षिक ब्याजदर आठ प्रतिशतमा ऋण लगानी गरेको छ।

बस्तीले साँघुरिँदै गएको दमौलीमा एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगरपालिका अघि बढेको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो ।

"दमौली बजार र भादगाउँ क्षेत्र बस्ती विस्तारले साँघुरिएको छ", उहाँले भन्नुभयो, "भावी पुस्ताका लागि बस्ती बसाउन नगरपालिकाले नगर विकास कोषसँग हातेमालो गर्दै अघि बढेका छौँ जसले बस्ती विस्तारमा सहज हुने विश्वास गरिएको छ।"

# पोखराको ड्यामसाइडमा आइतबार दीपावली सांगीतिक साँझ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असोज

पोखरा १७ ड्यामसाईडमा आइतबार दीपावली सांगीतिक साँझ २०८२ हुने भएको छ।

ड्यामसाईड क्लवको आयोजनामा काग तिहारको दिन का नवौं संस्करणको दीपावली सांगितिक साँझ हुन लागेको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले पोखराक्लिकलाई बताए । आइतबार साँझ ५ बजेदेखि सुरु हुने कार्यक्रम राती साढे ९:०० बजेसम्म सञ्चालन हुने भएको उनले जनाए । संस्कृतिको जगेर्ना गरौं, पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍याउऔं भन्ने मूल नारासहित कार्यक्रम गर्न लागिएको हो। खेलकुद, पर्यटन र सामाजिक कार्यमा सक्रिय हुदै आएको क्लवले फुटवल खेललाई प्रमुख प्राथमिकतामा राखेर विभिन्न गतिविधि संचालन गर्दै आएको छ। ड्यामसाईडमा ग्रासरुटबाट फुटबल विकास गर्ने उद्देश्यका साथ ड्यामसाईडमा फुटबल मैदान निर्माणका लागि आर्थिक सहयोग संकलनार्थ साँगितिक कार्यक्रम गर्न लागिएको कार्यक्रम संयोजक एवं क्लवका सचिव प्रमेन्द्र थापाले बताए । कार्यक्रमलाई सफल पार्न व्यक्तिदेखि विभिन्न संघ संस्थाहरुको सहयोग आउने क्रम जारी रहेको क्लवले जनाएको छ।

# बेनीमा घरमै प्रसूति हुनेको सङ्ख्या शून्य

**पोखरापत्र संवाददाता**
बेनी, ३१ असोज

बेनी नगरपालिकाले घरमा प्रसूति हुनेको सङ्ख्यालाई लगातार तेस्रो वर्ष शून्य अङ्कमा कायम राखेको छ।

आर्थिक वर्ष २०७८/७९ यता बेनी नगरपालिकामा घरमा सुत्केरी हुने आमाहरूको सङ्ख्या शून्य छ । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै विभिन्न समस्या देखिने भएकाले पालिकाले सुरक्षित प्रसूति सेवालाई प्राथमिकता दिएको हो। प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन गरेको प्रयासस्वरूप घरमा प्रसूति हुनेको सङ्ख्या लगातार तेस्रो वर्ष शून्य बनाइएको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

'बेनी नगरपालिकामा बसोबास गर्ने शतप्रतिशत गर्भवतीले पछिल्लो तीन वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन्", उहाँले भन्नुभयो, "घरमा प्रसूति हुनेको सङ्ख्यालाई शून्यमा कायम राख्न चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइरहेका छौँ।" बेनी नगरपालिकामा आव २०८१/८२ मा सुत्केरी भएका चार सय ३७ जनाले सुरक्षित प्रसूति सेवा लिएका जनस्वास्थ्य अधिकृत चन्दन सुवेदीले बताउनुभयो । चालु आवको साउन र भदौमा सुत्केरी भएका ६६ जनाले पनि स्वास्थ्य संस्थामै पुगेर सुरक्षित प्रसूति सेवा लिएका उहाँले बताउनुभयो । बेनी नगरपालिकामा आव २०७८/७९ मा आठ सय ४७, २०७९/८० मा छ सय ७७, २०८०/८१ मा तीन सय ९२ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै महिलामा विभिन्न समस्याले सुत्केरीपछि सताउँछ। जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलीभरी' शून्य बनाइएको नगरउपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। दशवटा वडा रहेको बेनी नगरपालिकामा प्रदेश अस्पताल बेनी, ज्यामरुककोट, भकिम्ली, सिङ्गा, पुलाचौर र पात्लेखेतको स्वास्थ्यचौकीमा सुरक्षित प्रसूति सेवा उपलब्ध छ।

अधिकांश वडाका गर्भवती सुत्केरी हुनका लागि बेनी अस्पतालमा आउने गरेका छन्। आठपटक गर्भजाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुनेलाई प्रोत्साहन गर्ने राज्यको नीति छ।

# कालीगण्डकी करिडोर : सेतोखोलामा मोटरेबल पुल निर्माण

**रासस**
म्याग्दी, ३१ असोज




चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरलासडकअन्तर्गतमुस्ताङको थासाङ गाउँपालिका-३ मा रहेको सेतोखोलामा मोटरबल पुल निर्माण भएको छ।

बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालय मुस्ताङले २५ मिटर लामो मोटरेबल पुल निर्माण गरेको हो। पुल निर्माण भएपछि सेतोखोलामा जोखिम मोलेर सवारीसाधन वारपार गराउनुपर्ने बाध्यताको अन्त्य भएको छ।

आयोजनाका सूचना अधिकारी बिष्णु चापागाईंले रु छ करोड ३५ लाख ७९ हजार ६९६ को लागतमा ११ मिटर फराकिलो (आरसिसी) प्रविधिको पुल निर्माण भएको जानकारी दिनुभयो । उहाँका अनुसार २०८० साल असार ११ गते ठेक्का सम्झौता गरेको हिमालयन ताण्डपेश्वर जेभीले निर्धारित समयभन्दा एक महिना अघि पुल निर्माण सकेको हो। प्रतिकूल भूगोल र मौसमको बाबजुद समयतालिकाअनुसार मजदुर, उपकरण परिचालन र निर्माण सामग्री परिचालन गरेर निर्धारित समयभित्रै पुल निर्माण गरेको कम्पनीका प्रतिनिधि रवीन्द्र कार्कीले बताउनुभयो।

"बर्खामा दिउँसो १२ बजेपछि पानी र हिउँदको चार महिना चिसो हुने लेतेमा सम्झौतालगत्तै चार महिना बेनी-जोमसोम सडकमा नियमित यातायात सञ्चालन नहुँदा निर्माण सामग्री ढुवानी गर्न पाएका थिएनौँ", उहाँले भन्नुभयो, "मौसमको अनुकूलता हेरेर पनि मजदुर, प्राविधिक, आयोजना कार्यालय, स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाको साथसहयोगले निर्धारित सयममै पुल बनाउन सफल भयौँ।" पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम कोरला सडकअन्तर्गत २४ मोटरेबल पुल निर्माण गर्नुपर्नेमा १३ वटा निर्माण सकिएको छ । थासाङ गाउँपालिकाको कैह्कु र कोवाङ खोलामा थप दुईवटा मोटरेबल पुल निर्माण अन्तिम चरणमा पुगेको इञ्जिनियर चापागाईंले बताउनुभयो।

# पोखरा-१३ मा सयपत्री फूल मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असोज

पोखरा महानगरपालिका वडा नम्बर १३ मा यस वर्ष स्थानिय फूल उत्पादनको व्यवसायिक प्रवर्द्धन गर्ने उद्देश्यले सयपत्री फूल मेला आयोजना गर्ने भएको छ।

तिहार पर्व लक्षित गर्दै कार्तिक ३ देखि ६ गतेसम्म उक्त मेला आयोजना हुन लागेको पोखरा १३ का वडा अध्यक्ष किरण बरालले बताउनु भयो । मेलामा स्थानीय किसान, नर्सरी सञ्चालक र फूल व्यवसायीहरूले उत्पादन गरेको फूलको प्रत्यक्ष बिक्री हुने उहाँले जनाउनु भयो। "फूल व्यवसायलाई प्रोत्साहन गर्न र किसानले आफ्नै उत्पादनको बजार सहज रूपमा पाउन सकून् भन्ने उद्देश्यले वडा परिसरमै मेला आयोजना गर्न लागिएको हो," बरालले बताउनुभयो।

पोखरा महानगरपालिकाले पोखराका करिब २२ स्थानमा फूल बिक्रि केन्द्र सहित फूलको मुल्य निर्धारण गर्ने भएको पोखरा महानगरपालिकाका आर्थिक बिकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो।

# 'अध्यक्षसँग सुत्केरी' कार्यक्रममार्फत् पोषणभत्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ असोज

यहाँको म्याग्दे गाउँपालिकाले 'अध्यक्षसँग सुत्केरी' कार्यक्रममार्फत् २४ जना महिलालाई पोषणभत्ता वितरण गरेको छ । गाउँपालिकाले थर्पु आधारभूत अस्पतालमा चालु आर्थिक वर्ष २०८२/८३ मा संस्थागत सुत्केरी गराएकालाई प्रतिसुत्केरी रु पाँच हजारका दरले पोषणभत्ता उपलब्ध गराएको हो।

संस्थागत सुत्केरी भएका १७ र सुत्केरी अवस्थामा जटिलता आएर अन्यत्र पठाइएका सात जनालाई रु पाँच हजारका दरले भत्ता उपलब्ध गराइएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले जानकारी दिनुभयो।

संस्थागत सुत्केरी गराउनेलाई गाउँपालिकाले रु पाँच हजार र नेपाल सरकारबाट यातायात खर्चवापत रु आठ सय उपलब्ध गराईंदै आइएको छ। गाउँपालिकाले सुत्केरीलाई घरबाट स्वास्थ्य संस्थासम्म र स्वास्थ्य संस्थाबाट घरसम्म निःशुल्क एम्बुलेन्स सेवासमेत उपलब्ध गराउँदै आएको छ । शाखा प्रमुख घिमिरेले भन्नुभयो, "यहाँको स्वास्थ्य संस्थामा सुत्केरी हुन नसके पोखरासम्म पनि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएका छौँ।"

गाउँपालिकाले घरमा हुने जोखिमपूर्ण सुत्केरीको अवस्था अन्त्य गर्न र स्वास्थ्य संस्थामार्फत सुत्केरी गराउन प्रेरणा दिने उद्देश्यले गाउँपालिकाले पाँच वर्षदेखि यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रम सुरु भएपछि घरमा हुने असुरक्षित सुत्केरी सङ्ख्या घटेको र संस्थागत सुत्केरी गराउनेको सङ्ख्या बढेको घिमिरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसले गर्दा घरमा हुने असुरक्षित सुत्केरीको कारण आमा र बच्चाको स्वास्थ्यमा हुने जोखिम न्यूनीकरणका पनि टेवा पुर्‍याएको छ ।" गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले मातृशिशु मृत्युदर कम गराउन सञ्चालित यो कार्यक्रम प्रभावकारी बन्दै गएको र यसलाई निरन्तरता दिइने बताउनुभयो । उहाँले भन्नुभयो, "गर्भावस्थामा स्वास्थ्य परीक्षण नगर्ने र घरमै असुरक्षित सुत्केरी गराउँदा महिलाको ज्यान जाने खतरा हुन्छ। त्यसलाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्ने नीति लिएका छौँ ।" गाउँपालिकाले दिने पोषण भत्ता लिनलाई गर्भवतीले कम्तीमा चार पटक स्वास्थ्य परीक्षण गराएको हुनुपर्छ। म्याग्दे बाहिरका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुनेले भने यो सुविधा पाउँदैनन्।

# महिला फुटबल: नेपाल थाइल्याण्डसँग पराजित

**रासस**
काठमाडौं, ३१ असोज

थाइल्याण्डसँग फराकिलो हार बेहोर्दै नेपाल एएफसी महिला यु-१७ एसियन कपको छनोट चरणबाट बाहिरिएको छ।

थाइल्याण्डको चोनबुरी रङ्गशालामा भरखरै सम्पन्न समूह 'एफ' को निर्णायक खेलमा घरेलु टोली थाइल्याण्डसँग १२-० गोलअन्तरले नेपाल पराजित भएको हो।

यो जितसँगै थाइल्याण्डले दुई खेलमा छ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा रहेर आगामी वर्ष चीनमा आयोजना हुने एसियन कपमा स्थान बनाएको छ।

खेलको पहिलो हाफमा आठ गोल गरेको थाइल्याण्डले खेलको दोस्रो हाफमा चार गोल थपेको हो। त्यस्तै थाइल्याण्डले आफ्नो पहिलो खेलमा तुर्किमिनिस्तानसँग १७-० को फराकिलो जित हासिल गरेको थियो। यता नेपाल भने पहिलो खेलमा तुर्किमिनिस्तानसँग गोलरहित बराबरीमा खेलेको थियो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरा पर्यटन परिषद्को २५ औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असोज

पोखरामा कृयाशिल पर्यटन सम्बद्ध सघसंस्थाहरूको छाता संगठन पोखरा पर्यटन परिषद्ले आफ्नो २५ औं वार्षिक साधारणसभा एक कार्यक्रमका बीच बिहीबार सम्पन्न गरेको छ।

साधारणसभाको परिषद्का संस्थापक अध्यक्ष एवम् सल्लाहकार अशोक पालिखेले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो। कार्यक्रममा संस्थापक अध्यक्ष पालिखेले परिषद् स्थापनाकालिन विविध पक्ष बारे प्रकाश पार्दै यसको महिमा र गरिमा बढाउनुपर्ने बताउनुभयो। पोखराकोपर्यटनलाई केवल लेकसाइडमा मात्रै सिमित नगरी यसको दायरालाई फराकिलो बनाउँदै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

पर्यटन क्षेत्र पोखराको आर्थिक गतिविधिको प्रमुख माध्यम बनेको बताउँदै उहाँले शान्ति सुव्यवस्थासँगै ढुक्कसँग आफ्नो व्यवसाय गर्ने कुराको सुनिश्चितता हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष एवम् सल्लाहकार डम्बरबहादुर केसीले परिषद् सम्बद्ध १४ वटा संस्थाहरू एकतावद्ध हुँदै अघि बढ्नुपर्ने आवश्यकताऔंल्याउनुभयो।फराकिलो सोचका साथ एकआपसमा एकाकार बन्दै अघि बढेमा अपेक्षित उपलब्धि हासिल हुनसक्नेमा उहाँले जोड दिनुभयो।

परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटन क्षेत्रका विभिन्न समस्यालाई समाधान गर्दै जान सबैकोएकतावद्धप्रयासआवश्यक हुनेमा जोड दिनुभयो । पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट पहिलो व्यवसायिक चाटर्ड उडानसँगै नियमित अन्तराष्ट्रिय उडानको पहल, पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमसँगै परिषद् निरन्तर प्रवर्द्धन र विकासका काममा अघि बढीरहेको उहाँले बताउनुभयो । परिषद्का अध्यक्ष पहारीको अध्यक्षता एवम् महासचिव जीवनराज सापकोटाको सञ्चालनमा भएको उद्घाटनसत्रमा प्रथम उपाध्यक्ष हरि भुजेलले स्वागत गर्नुभएको थियो । कार्यक्रममा पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक एवम् परिषद्का पूर्व अध्यक्ष गोपिबहादुर भट्टराई, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका महाशाखा प्रमुख हेमा पोखरेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका लेखा अधिकृत सागर श्रेष्ठ लगायतले बोल्नुभएको थियो । साधारणसभाको बन्दसत्रले महासचिव जीवनराज सापकोटाले प्रस्तुत गर्नुभएको महासचिवको प्रतिवेदन र कोषाध्यक्ष बाबुराम पाण्डेले प्रस्तुत गर्नुभएको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो । परिषद्का अध्यक्ष पहारीको अध्यक्षता एवम् सचिव नारायण सुवेदीले सञ्चालन गर्नुभएको बन्दसत्रमा स्वागत द्वितीय उपाध्यक्ष चौबहादुर गुरुङले गर्नुभएको थियो । बन्दसत्रमा निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठ, पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेल लगायतले बोल्नुभएको थियो।

# सिमाना कुर्न बसेको 'चिमाङ' गाउँको मौलिकतता

सुन्दरकुमार थकाली
मुस्ताङ, ३१ असोज/रासस



झण्डै पाँच सय वर्षअघि यहाँको घरपझोङ-५ ठिनीमा राजा थर्कोचेनले शासन चलाएका थिए । मुस्ताङको पान्डाखोलादेखि तल्लो भूभाग चिमाङ र चोखोपानी खोलासम्म राजा थर्कोचेनको राज्य थियो ।

राजा थर्कोचेनको राज्य सुरक्षाका लागि बसाइलिएको बस्ती हो मुस्ताङको घरपझोङ-१ चिमाङ गाउँ । राजा थर्कोचेनले त्यस समय ठिनी गाउँमा रहेको तीन गाउँले थकाली समुदायमध्येको एक ध्याकल फोपे समूहलाई आफ्नो राज्यको सिमाना कुर्न र त्यहाँको रेखदेखका लागि बस्ती बसालेका थिए भन्ने भनाइ छ ।

समुद्री सतहको करिब तीन हजार मिटरभन्दा माथि उचाइको भिरालो स्थान चाखोपानी खोलाको भिरको थुम्कोमा सिमाना कुर्न बस्ती बसालेको चिमाङ गाउँका अगुवा इन्द्रप्रसाद थकाली बताउनुहुन्छ । सुरुआती चरणमा यहाँ सिमाना रक्षाका लागि ठिनी गाउँबाट ध्याकल फोपे समूहलाई बस्ती बसालेर स्थानान्तरण गरेको अगुवा उहाँको भनाइ छ । त्यस समय यहाँ बस्ती बसालेर सिमाना रक्षाका खटिएका समूहलाई दुःख, बिरामी हुँदा झारफुक गर्ने र दैवी तथा प्राकृतिक प्रकोपबाट मुक्त गराउन पूजापाठका लागि ठिनीका राजाले त्यहीका झाँक्री फोपे समूहलाई पनि चिमाङ गाउँमै स्थानान्तरण गरेका अगुवा थकालीको भनाइ छ । त्यसपछि यहाँ ठिनीका राजाको सिमाना कुर्न ध्याकल र झाँक्री फोपेको संयुक्त बस्ती बसेको बताइन्छ ।

यहाँको चिमाङ गाउँ राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकबाट कालीगण्डकीपारि अग्लो स्थानमा अवस्थित रहेको कृषि गाउँका रूपमा परिचित छ । यहाँ सुरुआती चरणमा ३५ घरपरिवारको बसोबास रहेकामा पछिल्लो समय यो बस्ती मिश्रित बस्तीका रूपमा परिणत भएको छ । सीमारक्षाका लागि त्यस समय बसेको चिमाङ बस्तीका एकतिहाइ घरपरिवारले बस्ती छाडिसकेको चिमाङका अगुवा इन्द्रप्रसाद थकाली बताउनुहुन्छ । उहाँका अनुसार यहाँका कतिपय घरपरिवार वैकल्पिक व्यापार व्यवसाय र रोजगारीका लागि पोखरा-काठमाडौँलगायत सहरमा पलायन भएका छन् । गाउँमा कृषिबाहेक अन्य सम्भावना नरहेको र भौगोलिक रूपले समेत विकट स्थानमा रहेकाले बस्तीमा पुराना मानिसको सङ्ख्या घट्दै गएको छ । त्यसो त यहाँको पुरानो बस्ती चिमाङमा स्थानीय घरपरिवारले बस्ती त्यागे पनि रुकुम, धादिङ र म्याग्दीबाट मानिस यहाँ आएर बस्न थालेका छन् । यहाँ स्थानीय दलित समुदायको पनि करिब पाँच-छ घर रहेको उहाँको भनाइ छ । तीन गाउँले थकाली समुदायका रूपमा यहाँको घरपझोङ गाउँपालिकाको ठिनी, स्याङ र चिमाङ गाउँ रहेका छन् । यहाँको चोखोपानी खोला नजिकै भिरालो पाखोमा बसेको चिमाङ गाउँमा परम्परागत पुराना सांस्कृतिक घरहरूको बनावट निकै लोभलाग्दो र आकर्षक देखिन्छन् । निलगिरि हिमालको फेदैमा अवस्थित घना जङ्गलको मुनि चिमाङ गाउँ अवस्थित छ । यो गाउँ थकाली समुदायको सांस्कृतिक गाउँका रूपमा समेत परिचित छ । भौगोलिक जटिलता भएको स्थानमा त्यस समय ठिनीका राजाले बस्ती बसालेका भए पनि त्यहाँ बसोबास गर्नेहरूको दैनिकी निकै कष्टकर नै थियो । नागरिकको आधारभूत सेवा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र प्रशासनिकलगायतका सेवा निकै असहज थियो । गाउँसम्म पुग्ने सडक, सञ्चार, विद्युत् र कालीगण्डकी नदीमा पुल नहुँदा यहाँका नागरिक विभिन्न प्रकार सास्ती भोग्न बाध्य थिए ।

पछिल्लो समय यस गाउँको स्वरूपमा पहिलेको भन्दा निकै परिवर्तन आइसकेको छ । गाउँमा आधारभूत तह (१-५) सम्मको शिक्षा उपलब्ध गराउन विद्यालय खुल्यो । तर यहाँ बस्ती विस्थापित हुने क्रम, जन्मदर घट्दो हुनु र केही हुनेखानेले सुगम विद्यालयमा पढाउनेलगायत कारण यहाँका विद्यालयमा विद्यार्थी सङ्ख्या निकै कम छ । त्यसैगरी, यहाँको चिमाङ गाउँमा स्थानीय नागरिकको स्वास्थ्य सेवाका लागि आधारभूत स्वास्थ्य केन्द्र स्थापना भइसकेको छ । सेवाबाट चिमाङका नागरिकले साधारण उपचार गाउँमै पाएको अगुवा इन्द्रबहादुर थकालीको भनाइ छ । उहाँका अनुसार गाउँमा विद्युत्, सञ्चार, सडकलगायत सेवाको पहुँच विस्तार भएकाले चिमाङमा सम्भावना ढोका खुलेको उहाँले बताउनुभयो । हालै कालीगण्डकी नदीमा पक्की पुल बनेको र गाउँसम्म जाने कच्ची सडक विस्तार भएकाले गाउँसम्म मोटर पुग्न थालेको छ ।

जलवायु परिवर्तन र वन्यजन्तुको आतङ्कले चिमाङ गाउँका स्थानीयलाई निकै हैरानी बनाएको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउ बगैँचा व्यवस्थापन गर्ने समयमा हिउँ नपर्दा कृषि उत्पादनमा प्रतिकूल असर पुगेको अगुवा थकाली बताउनुहुन्छ । यहाँ स्याउलगायत अन्नबालीलाई पर्याप्त चिस्यान चाहिने र अनुकूल समयमा हिउँ नपर्दा उत्पादन कम हुने अन्नबालीमा विभिन्न रोगकीराको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । त्यसैगरी, चिमाङका किसानले मेहेनतले गरेको खेती पनि संरक्षित वन्यजन्तु हिमाली कालो भालुले रातिको समयमा खेतबारीमा पसेर सखाप पारिदिने गरेको छ । यहाँका किसानले स्याउ र अन्य अन्नबाली जोगाउन रातिको समय थाल, टिन र ढ्याङ्ग्रो ठटाएर भालु धपाउने काम गर्दै आइरहेका छन् । यहाँ किसानले उत्पादन गरेको अन्नबाली जोगाउन वैज्ञानिक रणनीति अख्तियार गर्नुपर्ने अगुवा थकालीले सुझाउनुभयो । यहाँ केही वर्षअघि भालु धपाउने यन्त्र प्रयोग गरिएको भए पनि त्यो सफल नभएको उहाँले जनाउनुभयो । एक्यापले यहाँको खेतीयोग्य जमिनमा तारबार लगाएको भए पनि भालुको आतङ्क नरोकिएको उहाँको भनाइ छ । यहाँको प्राचीन बस्ती चिमाङ पर्यटकीय गन्तव्यका रूपमा पनि निकै सम्भावना बोकेको गाउँका रूपमा लिने गरिएको छ । चिमाङ गाउँबाट धवलागिरि हिमाल, धवलागिरि आधार शिविर, मानापाथी हिमाल र निलगिरि हिमाल निकै मनमोहक र आकर्षक देखिन्छ । त्यसैगरी यहाँबाट कालीगण्डकी करिडोर, स्याउ बगानदेखि स्याङ, मार्फा, छैरो, टुकुचे, कोवाङ र नाउरीकोटलगायत आधा दर्जन गाउँ सुन्दर देखिन्छ ।

चिमाङ गाउँ जङ्गल सफारीका लागि प्रचुर सम्भावना भएको क्षेत्र हो । गाउँबाट केही माथिसम्म जङ्गल सफारीका लागि पदमार्ग निर्माण भएको छ । गाउँमाथिको जङ्गलमा गुफा अवस्थित छ । यहाँ राउण्ड अन्नपूर्ण चक्रीय पदमार्ग रहे पनि पछिल्लो समय पदमार्गमा पर्यटक हिँड्न छाडिसकेका र पदमार्ग पनि जीर्ण बन्दै जान थालेको छ । गाउँमा रहेका पुराना घरहरू अहिले जोखिममा छन् । जलवायु परिवर्तका कारण वर्षा धेरै हुन थालेपछि भिरालो सतहमा अवस्थित यहाँको चिमाङ गाउँ जोखिममा रहेको अगुवा थकालीले बताउनुभयो । "पहिलापहिला त ठिकै थियो, अहिले त बढी पानी पर्न थालेको छ, वर्षाले भिर नै भासियो भने त बस्ती नै नरहने पो हो कि भन्ने चिन्ता छ", उहाँले भन्नुभयो । गाउँका पुराना परम्परागत गुजमुज्ज घर पनि वर्षौंवर्षदेखिको घामपानीका असरले जीर्ण बन्दै जान थालेका छन् । परम्परागत घरको संरक्षण गर्न चासो नपुगेकै कारण कतिपय घरको अवस्था दयनीय रहेको उहाँले बताउनुभयो । सरकारले सांस्कृतिक मौलिकता झल्काउने यस प्रकारका पुराना घर जोगाउन अनुदानका कार्यक्रम ल्याउन सकेमा राम्रो हुने उहाँले बताउनुभयो ।



अन्नपूर्ण आधार शिविर जाँदै पर्यटक :
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ पञ्चकुण्ड तालदेखि अन्नपूर्ण आधार शिविरतर्फ जाँदै गरेका पर्यटकहरु । अन्नपूर्ण हिमाल आरोहण भएको ७५ वर्षपछि आधार शिविरमा चहलपहल बढ्न थालेको छ । तस्बिरः सन्तोष गौतम/रासस

# औषधि नपाएको बिरामीको गुनासो

पोखरापत्र संवाददाता
बागलुङ, ३१ असोज

सेवालाई गुणस्तरीय बनाउँदै लगेको धवलागिरि प्रादेशिक अस्पताल बागलुङमा पुगेका बिरामीको एउटै गुनासो हुन्छ- चिकित्सकले लेखेका औषधि पाइएन ।

अस्पताल फार्मेसीमा पुगेका अधिकांश स्वास्थ्य बीमामा आबद्ध बिरामीले नियमित रूपमा सेवन गर्ने थाइराइड, कोलेस्ट्रोल, उच्च रक्तचाप, सुगर र मुटुलगायतका औषधि नपाएको गुनासो गरेका छन् । तीन महिनाअघि थाइराइडको औषधि नपाएर रित्तो हात फर्कनुभएका तुलसी शर्माले मेडिकल पसलमा पुगेर औषधि लैजानुभयो । दोस्रोपटक अस्पताल आउँदा पनि उहाँले थाइराइडको औषधि पाउनुभएन । शर्मा प्रतिनिधिपात्रमात्रै हुन् । अस्पताल आउने बिरामीले परीक्षण राम्रो भए पनि औषधि नपाएको गुनासो गरिरहेका छन् । थाइराइड २५ र थाइराइड १२.५ को औषधि अहिले अस्पताल फार्मेसीमा उपलब्ध छैन । अस्पतालले समयमै औषधि ल्याउन नसक्दा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य छन् । अस्पतालका केही स्वास्थ्यकर्मीको स्वार्थका कारण अस्पतालले सबै औषधि समयमै उपलब्ध गराउन नसकेको बिरामी बताउँछन् । अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको गुनासो छ । अस्पतालमा अहिले थाइराइडको मात्र होइन, मुटुसम्बन्धी रोगको औषधि पनि अभाव छ । समय-समयमा जीवनजल र सिटामोलको समेत अभाव देखाउँदै आएको अस्पतालले गुणस्तरीय सेवालाई वृद्धि गर्दै अघि बढेको जनाए पनि औषधि खरिदमा ढिलाइ गर्दै आइरहेको छ । खासगरी स्वास्थ्य बीमाका बिरामीले औषधि नपाएको गुनासो गर्दै आएका छन् । अस्पतालमा स्वास्थ्य परीक्षण राम्रो भए पनि बीमामार्फत औषधि नपाएको अस्पतालमा उपचारका लागि आउनुभएका सिसम बोहोरा बताउनुहुन्छ ।

उहाँले चिकित्सकले सिफारिस गरेका अधिकांश औषधि अस्पतालको फार्मेसीमा नपाइएको गुनासो गर्नुभयो । फार्मेसी इन्चार्ज सन्तोष सुवेदीले औषधि ट्रान्सपोर्टमा आउन समय लागेको बताउनुभयो । औषधिको मौज्दात हेरेर समयमै खरिद गर्दा यस्तो समस्या नआउने भन्दै धवलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा किरण तिवारीले अभाव भएका औषधि तत्काल पूर्ति गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

"औषधि अभाव हुन नदिन नियमित खरिद भइरहेकै हुन्छ तर धेरै औषधि खरिद तिहारलगत्तै ठेक्कामा जानेगरी तयारी गरिएको छ, फार्मेसीलाई चुस्त बनाउन थप लागिपर्छु", तिवारीले भन्नुभयो, "नागरिकलाई सर्वसुलभ ढङ्गबाट औषधि प्रदान गर्न व्यवस्थापन टिम खटेको हुन्छ, केही औषधि अभाव भएको गुनासो आएको छ, तत्कालै समस्या समाधान गर्दछौं ।"

# दुई रोपनी क्षेत्रफलमा सयपत्री ढकमक्क, बजार खोज्दै किसान

पोखरापत्र संवाददाता
तनहुँ, ३१ असोज



तनहुँको शुक्लागण्डकी नगरपालिका-८ डहरेका मञ्जु श्रेष्ठले दुई रोपनी क्षेत्रफलमा सयपत्री फूल उत्पादन गर्नुभएको छ । गत वर्ष तिहारकै बेला फूल फुल्ने गरेकामा यस वर्ष चाँडै सयपत्री फुलेपछि बजार के हुन्छ भन्नेमा अन्योल छाएको छ ।

उहाँले विगत पाँच वर्षदेखि सयपत्री फूलखेती गरिरहनुभएको छ । गत वर्षहरूमा तिहारमा नै फुल्ने सयपत्री फूल यस वर्ष चाँडै फुलेको उहाँले बताउनुभयो । श्रेष्ठले दुई रोपनी क्षेत्रफलमा सयपत्रीका पाँच हजार बिरुवा रोप्नुभएको छ । तिहारका बेला बजारको समस्या नहुने भए पनि अहिलेको फुलेको फूललाई तिहारसम्म संरक्षण गर्नुपर्ने अवस्था रहेको श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "अघिल्लो वर्ष बजारको समस्या थिएन । तिहारका लागि बजारको समस्या हुँदैन । तिहारपछि भने बजारको समस्या हुँदै आएको छ ।" श्रेष्ठले तिहारका लागि मात्रै नभई यसबेला गाउँघरमा हुने विभिन्न कार्यक्रमका लागि फूल बिक्री गरिरहनुभएको छ । विशेषगरी सहकारी संस्थाको साधारणसभाका लागि सयपत्रीको मालाको माग आउने गरेको उहाँको भनाइ छ । उहाँका अनुसार एउटा फूलको थुङ्गा रु पाँचसम्म बिक्री हुने गरेको छ । यो वर्षका लागि पनि फूलको बारेमा सोधपुछ गर्ने क्रम बढेको उहाँले बताउनुभयो ।

फेसबुक, टिकटकमा फूलको भिडिओ हालेपछि केही ठाउँमा सोधखोज गर्ने बढेको श्रेष्ठले उल्लेख गर्नुभयो । गत वर्षको तिहारमा मात्र श्रेष्ठले रु एक लाखको सयपत्री फूल बिक्री गर्नुभएको थियो । उहाँले भन्नुभयो, "यो वर्ष अलि छिटो फुलेका कारण के हुन्छ भन्न सकिएन ।" उहाँले मागअनुसारको फूल पुर्‍याउन धौधौ भएपछि व्यावसायिक रूपमा फूलखेती सुरु गर्नुभएको थियो । उहाँले भन्नुभयो, "पहिलोपटक उत्पादन भएको फूल नजिकका आफन्तजन, साथीभाइलाई पनि पुर्‍याउन सकिनँ, तिहारका बेला फूलको धेरै माग हुन्छ ।"

विगतमा तरकारी बेर्ना जमाएर बिक्री गर्ने श्रेष्ठले सयपत्री फूल विदेशबाट आउने गरेको थाहा पाएपछि स्वदेशमै उत्पादन गर्नुपर्छ भन्ने भावना विकास भएको बताउनुभयो । श्रेष्ठले भन्नुभयो, "हरेक सामान विदेशबाट आउँछ, हुँदाहुँदै फूल पनि विदेशबाट आउने गरेको देखेपछि आफैँलाई धिक्कार लाग्यो, हामी पनि फूलखेती गर्न सक्छौँ भन्ने सोच र आत्मविश्वास वृद्धि भयो । नेपाललाई फूलमा आत्मनिर्भर गराउन मेरो पनि केही योगदान होस् भन्नका लागि फूलखेती गरेको हुँ ।"

# जेनजी आन्दोलनको मात्रा र तीव्रता अनुमानभन्दा ठूलो रह्यो : सेना

रासस
काठमाडौं, ३१ असोज

नेपाली सेनाले विश्वमा परिवेशमा देखिएको आन्दोलनका तुलनामा नेपालको जेनजी आन्दोलन अनुमान गरिएभन्दा तीव्र र व्यापक रहेको निष्कर्ष निकालेको छ ।

सैनिक मुख्यालय जङ्गी अड्डामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जेनजी आन्दोलनबाट सुरक्षा समस्या बढ्ने आकलन गरिए पनि मात्रा र तीव्रता अनुमान गरिएभन्दा ठूलो रहेको जानकारी दिइयो ।

सेनाको युद्धकार्य महानिर्देशक पवनजङ्ग थापाले जेनजी आन्दोलन विश्वव्यापी तरङ्ग देखिएकामा यहाँ भने अचानक र व्यापक रहेकाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा तथा अमनचयनका लागि सुरक्षाको वस्तुपरक विश्लेषण गरी आवश्यकताको सिद्धान्तका आधारमा अघि बढेको जानकारी दिनुभयो ।

त्यसपछिको परिस्थितिमा सेनाले न्यायपालिका, अन्य सुरक्षा निकाय र राष्ट्र सेवक कर्मचारीको सहयोग र समन्वयमा शान्ति र स्थिरता कायम राख्ने विषयमा सन्तुलित ढङ्गले कार्य गर्दै आएको उहाँले बताउनुभयो । सोही विभागका निर्देशक मनोज थापाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न वस्तुगतढङ्गले आवश्यक पहल गरेको स्पष्ट पार्नुभयो ।

आन्दोलनपछि अहिलेको अवस्था र परिणामबाटै सेनाको कस्तो खालको नियत रहेको थियो भन्ने आकलन गर्न सकिने बताउँदै उहाँले स्थिति सामान्यीकरण गर्न गरिएको बहुआयामिक प्रयासलाई वस्तुपरक ढङ्गबाट बुझ्ने र विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

सेनाको बहुआयामिक भूमिका रहेकाले अग्रपङ्क्तिमा रहेर नागरिकको जीवन रक्षा र उद्धारका कार्यमा खटिँदै आएको स्पष्ट पार्दै सहायकरथी थापाले सेनाले शान्तिपूर्ण निकासका लागि सबै पक्षसँग आवश्यक परामर्श गर्नुपर्ने आवश्यकता महसुस गरेर नै विभिन्न समूहसँग छलफल गरेको बताउनुभयो ।

उहाँले देश र जनहितका लागि अरु सबै सुरक्षा फौजसँग हातेमालो गरी काम गरिरहेको पनि जानकारी गराइयो । सञ्चारकर्मीको प्रश्नको जवाफमा सेनाले जेनजी आन्दोलनपछिको विषम परिस्थितिमा चुनावका लागि केही सुरक्षा चुनौती भएपनि क्रमशः शान्ति सुरक्षाको वातावरण बन्दै जाने विश्वास उहाँको थियो । चुनावका लागि सुरक्षासम्बन्धी रणनीतिक योजना तयार गरी क्रमशः कार्यान्वयन गरिँदै लगिने सहायकरथी थापाले स्पष्ट पार्नुभयो ।

सेनाका प्रवक्ता राजाराम बस्नेतले मुलुकको प्रतिरक्षा, विश्वशान्ति, वन्यजन्तु तथा पर्यावरण संरक्षण, पूर्वाधार विकास, ऐतिहासिक धरोहरको संरक्षण तथा आपत्कालीन उद्धारजस्ता कार्यमा सेनाले महत्त्वपूर्ण कार्य गर्दै आएको बताउनुभयो । उहाँले गौरवमय इतिहास, पहिचान, परम्परा तथा संस्कृतिसँग गहिरोसँग जोडिएको सेनाले राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता र एकताको रक्षा गर्दै आएको बताउनुभयो ।

त्यसअवसरमा यस वर्षको मनसुन विपद् व्यस्थापनका क्षेत्रमा संलग्न सबै सरोकारवाला पक्षसँगको सहकार्य, सहयोग र समन्वयमा प्रभावकारी कार्य भएकाले विगतका तुलनामा जनधनको क्षतिन्यून गर्न सकिएको जानकारी दिइयो । मुलुकको सर्वाधिक महत्त्वपूर्ण राष्ट्रिय गौरवका आयोजना काठमाडौँ-तराई मधेस द्रूतमार्गको हालसम्मको समग्र प्रगति करिब ४३ प्रतिशत रहेकाले तोकिएको मिति र बजेटमा आयोजना सम्पन्न गर्ने दृढता व्यक्त गरियो ।